प्रति साधारण शेयर रु.१००/- अंकित दरको ९,५१,७८६ कित्ता हकप्रद साधारण शेयरको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

सेती फाइनान्स लिमिटेड
Seti Finance Limited

(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजत प्राप्त वित्तीय संस्था)

(कैलाली जिल्ला कार्यक्षेत्र भएको)

टिकापुर, कैलाली, नेपाल, फोन नं. : ०९१-५६०९५०, ५६१२५६ फ्याक्स नं. : ०९१-५६१२५६
इमेलः info@setifinance.com.np, वेबसाइटः www.setifinance.com.np

हकप्रद शेयरको बिक्री खुल्ला अवधि:

निष्काशन खुल्ला मितिः २०७३/८/१ गते

निष्काशन बन्द हुने मितिः २०७३/९/५ गते

(बैकिंग समय पश्चात्)

१ कित्ता साधारण शेयर बराबर नयाँ १.५ कित्ता साधारण शेयरको

हकप्रद शेयर निष्काशन (Rights Issue) सम्बन्धी सूचना

वित्तीय संस्थाको हाल कायम चुक्ता पूँजी रु.६,३४,५२,४००/- को एक शेयर बराबर एक दशमलव पाँच शेयर (१ : १.५) को अनुपातमा रु.१००/- अंकित दरका ९,५१,७८६ कित्ता हकप्रद साधारण शेयर मिति २०७३/७/९ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

१. संगठित संस्थाको नामः

सेती फाइनान्स लिमिटेड (Seti Finance Limited)

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय टिकापुर न.पा. वडा नं.९, कैलालीमा रहेकोछ ।

३. कारोवार स्थान :

यस वित्तीय संस्थाको वित्तीय कारोवार गर्ने मुख्य स्थान टिकापुर न.पा. वडा नं.९, कैलालीमा रहेको र यसका अतिरिक्त यस संस्थाले सत्ती शाखा कैलालीबाट पनि आफ्नो वित्तीय कारोवारहरु गर्दै आइरहेको छ । भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सक्नेछ ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

सेती फाईनान्स लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६२/९/१८ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०६३/१/२८ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०६३/२/४ गते देखि वित्तीय संस्थाले आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यस वित्तीय संस्थाका संस्थापकहरुमा बैंक/वित्तीय क्षेत्र, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसाय, स्वास्थ्य, बैदेशिक रोजगारको साथै ब्यबस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् । नेपाल राष्ट्र बैंक ऐन, २०५८, अनुसार यस क्षेत्रको कृषि उत्पादकत्वमा बृद्धि, ब्यापार प्रबर्द्धन, उद्योग ब्यबसायको विकास र विस्तारका साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ र अन्य नेपाल ऐन कानूनको परिधि भित्र रही देशको मूख्यतः ग्रामीण विकासका लागि आवश्यक पूँजी, साधन र श्रोतका साथै उपयुक्त प्रविधि उद्यमशिलताको विकासका लागि आवश्यक तालिम उपलब्ध गराउनुका साथै ग्रामीण क्षेत्रमा छरिएर रहेको बैंकिङ्ग कारोवारमा समाहित हुन नसकेको पूँजी संकलन र परिचालन गरी एक आधुनिक प्रविधियुक्त सर्वसुलभ बैंकिङ्ग सेवा उपलब्ध गराई देशको मुख्यतः ग्रामीण क्षेत्रको आर्थिक उन्नतिमा सहयोग पुऱ्याउँदै मुनाफा आर्जन गर्ने यस संस्थाको मूख्य उद्देश्य रहने छ ।
यस कम्पनीको मुख्य उद्देश्य देहाय बमोजिम हुनेछन् :

- क) सेवा सम्बन्धी ब्यबसाय :
  - १) ग्राहकमुखी आधुनिक र सर्वसुलभ बैंकिङ्ग सेवा उपलब्ध गराई मुनाफा आर्जन गर्ने,
  - २) बैंकिङ्ग कारोबार मार्फत उत्पादनमूलक उद्योग ब्यबसायको विकास गर्ने ।

५. शेयर पूँजीको संरचना :

क) अधिकृत पूँजीः यस वित्तीय संस्थाको अधिकृत पूँजी रु.१६,००,००,०००/- (अक्षरेपी सोह्र करोड) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/(का दरले जम्मा १६,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ख) जारी पूँजीः यस वित्तीय संस्थाको जारी पूँजी रु.१५,८६,३१,०००/- (अक्षरेपी पन्ध्र करोड छयालिस लाख एक्तिस हजार) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा १५,८६,३१० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ग) चुक्ता पूँजीः हाल वित्तीय संस्थाको चुक्ता पूँजी रु.६,३४,५२,४००/- (अक्षरेपी छ करोड चौंतिस लाख बाउन्न हजार एक सय) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- अंकित मूल्यका ६,३४,५२४ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् वित्तीय संस्थाको चुक्ता पूँजी रु.१५,८६,३१,०००/- (अक्षरेपी पन्ध्र करोड छयालिस लाख एक्तिस हजार) हुनेछ ।

६. हकप्रद शेयर निष्काशन गरि बाँडफाँट गरे पश्चात् हुने वित्तीय संस्थाका चुक्ता पूँजीको संरचना :

हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भूक्तानी प्रतिशत
(क)	संस्थापक	८,०९,०१८.१०	५१%	८,०९,०१,८१०/-	शतप्रतिशत
(ख)	सर्वसाधारण (कर्मचारीहरु समेत)	७,७७,२९१.९०	४९%	७,७७,२९,१९०/-	शतप्रतिशत
	जम्मा	**१५,८६,३१०**	**१००%**	**१५,८६,३१,०००/-**	

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

वित्तीय संस्थाको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

सि.नं	नाम र ठेगाना	पद	उमेर (बर्ष)	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	प्रस्तावित ब्यापार/ब्यबसायमा अनुभव
१.	श्री नर वहादुर रावल टीकापुर-९, कैलाली	अध्यक्ष	६२	नेपाली	१,५८६.३१	प्रमाणपत्र तह	टीकापुर विकास समितिको प्रशासकिय अधिकृतवाट अवकाश प्राप्त, शैक्षिक तथा सामाजिक संघ संस्थाको अध्यक्ष लगायत वित्तीय तथा समाजसेवामा संलग्न ।
२.	श्री भिम बहादुर रावल टीकापुर-९, कैलाली	सञ्चालक	५७	नेपाली	१,५८६.३१	स्नातक	टीकापुर उद्योग वाणिज्य संघको पूर्व अध्यक्ष, व्यापारिक तथा बैकिङ्ग क्षेत्रमा अनुभव प्राप्त ।
३.	श्री केशर बहादुर कुंवर टीकापुर-९, कैलाली	सञ्चालक	३९	नेपाली	१,५८६.३१	M.Phil अर्थशास्त्र	विगत डेढ दशक देखी अर्थशास्त्र प्राध्यापन पेशामा संलग्न ।
४.	श्री कमलराज जोशी टीकापुर-९, कैलाली	सञ्चालक	४८	नेपाली	१५८.६३	स्नातक	विगत एक दशक देखी व्यापार, वित्तीय क्षेत्र तथा समाजसेवामा संलग्न ।
५.	श्री उपेन्द्र रावल कालिका-२, अछाम (सर्वसाधारण समूह)	सञ्चालक	४०	नेपाली	३२८३	स्नातकोत्तर	विगत सात वर्ष देखी सहकारी तथा वित्तीय क्षेत्रको अनुभव प्राप्त ।
६.	श्री दिनेश कुमार शाह टीकापुर-९, कैलाली (सर्वसाधारण समूह)	सञ्चालक	५२	नेपाली	२५०८	एस.एल.सी	विगत छ वर्षदेखी वित्तीय क्षेत्रमा कार्यरत, लामो समयदेखी निर्माण व्यवसाय तथा समाज सेवामा संलग्न ।
७.	श्री ढविन्द्र रावल टीकापुर-९, कैलाली (सर्वसाधारण समूह)	सञ्चालक	४२	नेपाली	२१०	स्नातकोत्तर	विगत तेह्र वर्षदेखी प्राध्यापन पेशामा संलग्न ।

वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण :

यस वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृत पदमा बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा विगत ३५ वर्ष देखी अनुभव प्राप्त कालिका २ अछाम निवासी श्री रामबहादुर रावल २०६७ साल देखि यस संस्थामा कार्यरत हुनुहुन्छ । निजले वाणिज्य शास्त्रमा स्नातक सम्मको शिक्षा हासील गर्नु भएको छ ।

८. संचालक समितिको बनौट :

वित्तीय संस्थाको नियमावलीमा भएको व्यवस्था अनुसार ८ (आठ) जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछ :

"क" समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु	४ जना
"ख" समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु	३ जना
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित सञ्चालक	१ जना
जम्मा	८ जना

९. निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

यस वित्तीय संस्थाको हाल कायम चुक्ता कुल साधारण शेयर संख्या ६,३४,५२,४०० कित्ताको एक शेयर बराबर एक दशमलव पाँच शेयर (१ : १.५) को अनुपातमा (अर्थात् हाल कायम १ कित्ता साधारण शेयर बराबर नयाँ १.५ कित्ता साधारण शेयरका दरले) प्रति शेयर रु.१००/- का दरले जम्मा ९,५१,७८६ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम तथा हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था:

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि वित्तीय संस्थाले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर एक दशमलव पाँच शेयर (१ : १.५) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट संलग्न गरी आवेदन दिन सक्नेछन् । यदि कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा माथिल्लो नजिकको शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई वित्तीय संस्थाको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन निर्देशिका, २०६५" भएको ब्यवस्था अनुसार सञ्चालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्धारा लिलाम बढाबढ) बाट बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

१२. वित्तीय संस्थाको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात *(रु. हजारमा)*

पूँजी तथा दायित्व	वास्तविक			ले.प. नभएको	प्रक्षेपित		
	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७४/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६
१. शेयर पूँजी	५०,६००.००	५५,६६०.००	६३,४५२.४०	६३,४५२.४०	१६१,८०३.६	१६१,८०३.६	१६१,८०३.६२
२. जगेडा तथा कोषहरु	८,४२९.४३	९,५२९.३७	९,७७३.८८	१८,२५६.१९	३५,१७७.१४	६४,७६९.३१	१०४,०६६.०९
३. ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	-	-	-	-	-	-	-
५. निक्षेप दायित्व	१४७,०६२.७०	१५७,८६२.४१	२१७,८२१.२७	२६,५१११.८	३१८,१३४.२	३६५,८५४.३	४२०,७३२.४३
६. भुक्तानी दिनु पर्ने बिलहरु	-	-	-	-	-	-	-
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	४,४००.००	२,५३०.००	४३१.७१	-	१६६.९८	-	-
८. आयकर दायित्व	१४४.६३	५५.८८	५०९.८९	३,६३९.६२	२,१८३.०९१	१,६८२.३६	५,८४१.४८
९. अन्य दायित्व	११,०९९.४६	८,९५८.९५	७,०६१.८३	३४,३६२.६२	४८५४०	४९,४४०.१९	६३,०२२.७२
कुल पूँजी तथा दायित्व	२२१,७३६.२२	२३४,५९६.६१	२९९,०५०.९९	३८४,८२२.६०	५६६,००५.००	६४३,५४९.८०	७५५,४६६.३४

सम्पत्ति	वास्तविक			ले.प. नभएको	प्रक्षेपित		
	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७४/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६
१. नगद मौज्दात	१,८६१.८३	१,५३४.५२	१,६३४.१९	११,७९७.६१	३५,३५८.४१	२४,१३५.८३	२४,१५५.८३
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	१६०.३३	१६०.३३	१६०.३३	१,५५०.००	१,७२४.००	१,९६५.००	२,०००.००
३. बैक/बित्तीय संस्थामा रहेको मौज्दात	२,७७४.०९	५५,१७५.२०	१०६,६४३.२८	७४,७३६.५६	१२१,००९.२३	१११,३४७.५६	११२,३४७.५६
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	६६,८०६.३२	-	-	-	-	-	-
५. लगानी	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००
६. कर्जा सापट तथा बिल खरिद	१४१,४३८.९३	१६७,२२६.७९	१७८,७९३.६८	२५९,०५९.२९	३५७,१७२.१३	४४६,३५३.०९	५५७,८०६.८९
७. स्थिर सम्पत्ति	५,८२९.३६	५,४३५.७७	५,१२५.९१	५,३५३.५७	१०,५७०.५०	१५,५७०.५०	१६,०७०.५०
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	२,७६५.३७	४,९६४.०१	६,५९३.६१	३२,२२५.६०	४०,०७०.७२	४४,०७७.७९	४२,९८५.५७
कुल सम्पत्ति	२२१,७३६.२२	२३४,५९६.६१	२९९,०५०.९९	३८४,८२२.६०	५६६,००५.००	६४३,५४९.८०	७५५,४६६.३४

नाफा-नोक्सान हिसाब *(रु. हजारमा)*

विवरण	वास्तविक			ले.प. नभएको	प्रक्षेपित		
	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७४/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६
१. व्याज आम्दानी	२८,५४८.६४	३०,६८६.२३	३२,७७८.७०	३९,०६१.३६	५६,४४८.५१	७३,५९५.०४	९१,९८८.५३
२. व्याज खर्च	११,४४०.३३	१३,९५१.५७	१२,९९४.९५	१७,९३४.१९	१७,४९७.३८	२०,५१९.६५	२३,५९७.६०
खुद ब्याज आम्दानी	१७,१०८.३१	१६,७३४.६७	१९,७८३.७५	२१,१२७.१७	३८,९५१.१३	५३,०७५.३८	६८,३९०.९३
३. कमिशन तथा डिस्काउण्ट	१००.२३	८२.५३	१५७.६७	२३६.२२	३४१.३७	४४५.०६	५५६.२९
४. अन्य संचालन आम्दानी	१,८०८.२४	२,३०२.५९	२,११२.६२	२,८३३.१९	४,१००.६४	५,६५०.५४	७,०६२.६२
५. सटही घटबढ आम्दानी	-	-	-	-	-	-	-
कुल संचालन आम्दानी	१९,०१६.७९	१९,११९.७९	२२,०५४.०५	२४,१९६.५८	४३,३९३.१४	५९,१७०.९८	७६,००९.८३
६. कर्मचारी खर्च	४,५९२.४६	५,०४१.३९	५,१४८.०७	५,५११.००	६,०६२.१०	६,६६८.३१	७,३३५.१४
७. अन्य संचालन खर्च	२,९०४.३०	२,९२७.९६	२,६०८.३२	३,३८०.३७	३,७१८.४१	४,०९०.२५	४,४९९.२७
८. सटही घटबढ नोक्सान	-	-	-	-	-	-	-
सम्भावित नोक्सानी ब्यबस्था अघिको संचालन मुनाफा	११,५२०.०३	११,१५०.४५	१४,२९७.६६	१५,३०५.२१	३३,६१२.६३	४८,४१२.४२	६४,१७५.४२
९.सम्भावित नोक्सानी व्यवस्थाहरु	-	-	९०६.६७	१,९५९.९४	१,७७४.६३	१,९१०.४३	२,४२३.३३
संचालन मुनाफा/(नोक्सान)	११,५२०.०३	११,१५०.४५	१३,३९०.९९	१३,३४५.२७	३१,८३८.००	४६,५०१.९९	६१,७५२.०९
१०.गैर संचालन आम्दानी/(नोक्सान)	७.३५	-	-	-	-	-	-
११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता	२,३१२.५८	१,६९८.२१	-	-	-	-	-
नियमित कारोबारबाट भएको मुनाफा	१३,८३९.९६	१२,८४८.६६	१३,३९०.९९	१३,३४५.२७	३१,८३८.००	४६,५०१.९९	६१,७५२.०९
१२.असामान्य कारोबारबाट भएको मुनाफा/(खर्च)	-	-	-	-	-	-	-
अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी	-	-	-	-	-	-	-
सम्पूर्ण कारोबार समावेश पछिको खुद नाफा	१३,८३९.९६	१२,८४८.६६	१३,३९०.९९	१३,३४५.२७	३१,८३८.००	४६,५०१.९९	६१,७५२.०९
१३.कर्मचारी बोनस व्यवस्था	१,२५८.१८	१,१६८.०६	१,२१७.३६	१,२१३.२०	२,८९४.३६	४,२२७.४५	५,६१३.८३
१४.आयकर ब्यबस्था	३,१२१.४१	२,९९०.६६	३,६३४.४१	३,६३९.६२	८,६८३.०९	१२,६८२.३६	१६,८४१.४८
यस वर्षको	३,१७५.८९	३,०६१.२५	३,७१९.०२	३,६३९.६२	८,६८३.०९	१२,६८२.३६	१६,८४१.४८
गत वर्षको	-	-	-	-	-	-	-
पर सारिएको आयकर आम्दानी/(खर्च)	५४.४८	७०.५९	८४.६०	-	-	-	-
खुद मुनाफा/(नोक्सान)	९,४६०.३७	८,६८९.९४	८,५३९.२१	८,४९२.४५	२०,२६०.५५	२९,५९२.१७	३९,२९६.७८
शेयर संख्या (हजारमा)	५०६.००	५५६.६०	६३४.५२	६३४.५२	१,६१८.०४	१,६१८.०४	१,६१८.०४
प्रति शेयर आम्दानी (रु.)	१८.७०	१५.६१	१३.४६	१३.३८	१२.५२	१८.२९	२४.२९

नेटवर्थ सम्बन्धी विवरण *(रु. हजारमा)*

विवरण	वास्तविक			ले.प. नभएको	प्रक्षेपित		
	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७४/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६
चुक्ता पूँजी	५०,६००.००	५५,६६०.००	६३,४५२.४०	६३,४५२.४०	१६१,८०३.६२	१६१,८०३.६२	१६१,८०३.६२
जगेडा तथा कोषहरु	८,४२९.४३	९,५२९.३७	९,७७३.८८	१८,२५६.१९	३५,१७७.१४	६४,७६९.३१	१०४,०६६.०९
कुल	५९,०२९.४३	६५,१८९.३७	७३,२२६.२८	८१,७०८.५९	१९६,९८०.७६	२२६,५७२.९३	२६५,८६९.७१
घटाउने : अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-	-
कुल नेटवर्थ	५९,०२९.४३	६५,१८९.३७	७३,२२६.२८	८१,७०८.५९	१९६,९८०.७६	२२६,५७२.९३	२६५,८६९.७१
शेयर संख्या (हजारमा)	५०६.००	५५६.६०	६३४.५२	६३४.५२	१,६१८.०४	१,६१८.०४	१,६१८.०४
प्रति शेयर नेटवर्थ (रु.)	११६.६६	११७.१२	११५.४०	१२८.७७	१२१.७४	१४०.०३	०.१६
प्रति शेयर चुक्ता पूँजी	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००	०.१०
नेटवर्थमा औसत प्रतिफल	१६.०३%	१३.३३%	११.६६%	१०.३९%	१०.२९%	१३.०६%	१४.७८%
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा					१२.०३%		

माथि उल्लेखित आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षको कारोबारहरुको आधारमा निष्काशनकर्ता वित्तीय संस्था आफैले तयार पारेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको व्यहोरा प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था के जे एण्ड एसोसिएटस (चार्टर्ड एकाउण्टेण्ट श्री जगदिश खडका) धर्मपथ काठमाण्डौं रहेको छ ।

१३. संगठित संस्थाले गर्ने भएको काममा नीहित संभाबित आर्थिक जोखिमहरु :

- क) विद्यमान बैंक तथा वित्तीय संस्थाहरु र नयाँ बैंक/वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
- ख) वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
- ग) देशको वित्तीय नीति, मौद्रिक नीति र बैंक तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकबाट हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु ।
- घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
- छ) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु ।
- ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
- ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

यस वित्तीय संस्थाको सञ्चालनको करिब ११ बर्षको रहेकोछ । वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन् । यस वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुऱ्याएको छ । यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी हुन नदिन सक्षम तथा प्रतिबद्ध छ

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिमः रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१४. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व वित्तीय संस्थाले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।
२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिंदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली वित्तीय संस्थाद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।
४) हकप्रद शेयरका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।
५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।
७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।
८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा वित्तीय संस्थाको सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।
९) स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यबस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिंदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

१५. यस कम्पनीको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रु.)	न्युनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
०७०/०७१	१९३	८८	१९३	३५.५२
०७१/०७२	२५४	१५२	२१०	५८.८१
०७२/०७३	४९२	१७७	४३५	१००.४७

महिना	अधिकतम शेयर मूल्य (रु.)	न्युनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
२०७३ श्रावण	५८५	४३५	४८२	३१.३८
२०७३ भाद्र	५५५	४४०	५३२	१०.७८
२०७३ आश्विन	५९४	५२०	५३०	८.८८

द्रष्टब्यः यस वित्तीय संस्थाको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

१६. शेयर बाँडफाँट सम्बन्धी ब्यबस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्रचलित "धितोपत्र निष्काशन निर्देशिका, २०६५" ले निर्धारित गरेको समयभित्र वित्तीय संस्थाको सञ्चालक समितिले हकप्रद शेयरको बाँडफाँट गरी हकप्रद शेयरको प्रमाणपत्र वितरण गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

१७. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

स्वीकृत विवरण अनुसार साविक शेयरधनीहरुलाई जारी गरिएका हकप्रद साधारण शेयरहरु बाँडफाँट गरे पश्चात् नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन निर्देशिका, २०६५" मा भएको ब्यवस्था अनुसार हकप्रद शेयरको प्रमाणपत्र वितरण गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवारप्लाजा, काठमाण्डौंमा प्रचलित सूचिकरण सम्बन्धी ब्यवस्थामा भएको प्रावधान अनुसार सूचिकरण गरी हकप्रद शेयरको खरिद विक्रीको व्यवस्था मिलाइनेछ । साथै नेपाल धितोपत्र बोर्डमा दर्ता भएको धितोपत्र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा समेत दर्ता गरिनेछ ।

१८. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा भएको ब्यवस्था अनुसार साविकका शेयरधनीहरुले आफ्नो हक आंशिक वा पूर्ण रुपमा अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न पाइनेछ । यसरी आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५" मा भएको देहायका ब्यबस्था अनुसार उक्त नियमावलीको अनुसूची-६ बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।
(क) आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्न सक्ने भएको,
(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने,
(ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन नपाइने, तर आफ्नो पूरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सकिने,
(घ) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,
(ङ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछि कम्पनीको शेयर स्वामित्वको संरचना र सञ्चालक समितिको बनौटमा परिवर्तन हुने भएमा सम्बन्धित ऐन, नियमले तोकेको स्वामित्व सिमाभित्र रहने गरी परिवर्तन हुने व्यवस्था तथा मताधिकार सम्बन्धी स्पष्ट व्यवस्था भएको,
(च) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,
(छ) हकप्रद शेयर विक्री खुल्ला भएको अवधिभित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिन व्यवस्था गरिएको ।

१९. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

१) नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कायम हुनु पर्ने पूँजीकोषको अनुपात कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरी पूँजी संकलन गर्न ।
२) वित्तीय संस्थाको पूँजीगत योजना बमोजिमको पूँजी पुऱ्याउने उद्देश्य अनुरुप मिति २०७२/१२/२० गते सम्पन्न १०औं साधारण सभाबाट एक शेयर बराबर एक दशमलव पाँच शेयर (१ : १.५) को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।
३) वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
४) वित्तीय संस्थाको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि वित्तीय संस्थाको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र
५) वित्तीय संस्थाको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि वित्तीय संस्थाको पूँजी आधारलाई मजबुत तुल्याइ राख्न ।

२०. निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण अनुसार हकप्रद शेयर जारी गरी प्राप्त हुने पूँजी वित्तीय संस्थाबाट देहाय बमोजिम उपयोग गरिने योजना रहेको छ ।

क्र.सं.	विवरण	रकम (रु.)
१.	तरलता कायम गर्न नेपाल राष्ट्र बैंक लगायत बैंक तथा वित्तिय संस्थामा कायम गरिने मौज्दात	करिब रु.२,००,००,०००/-
२.	कर्जा तथा लगानी	करिब रु.६,२१,७८,६००/-
३.	शाखा विस्तार	करिब रु ५०,००,०००/-
४.	सरकारी ऋणपत्रमा लगानी	करिव ८०,००,०००/-
	जम्मा	करिब रु.९,५१,७८,६००/-

२१. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी ब्यवस्था :

यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री नेपाल इन्भेष्टमेण्ट बैक लिमिटेड, दरवारमार्ग, काठमाण्डौ	००१०१०१०३२१२९७
२.	श्री कुमारी बैंक लिमिटेड, पुतलीसडक, काठमाण्डौ	K-६१४४९०-CL

उपरोक्त निष्काशन बैंकमा दरखास्त फाराम वितरण गर्ने तथा बुझिलिने ब्यवस्था गरिएको छैन ।

२२. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा नेपाल धितोपत्र बोर्डको "धितोपत्र निष्काशन निर्देशिका, २०६५" को अधिनमा रही आवेदन खुल्ला भएको मितिले बढीमा ६० (साठी) दिन सम्मका लागि खुल्ला राख्न सकिनेछ ।

२३. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१. श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौ ।
२. श्री सेती फाइनान्स लि., वडा नं.९, टिकापुर, कैलाली ।

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकद्धारा अन्य माध्यम मार्फत् सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरुबाट आवेदन फाराम तथा "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" प्राप्त गर्न र आवदेन फाराम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लि.को नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन ।

२४. संचालकहरुले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस वित्तीय संस्थाको आधारभुत शेयरधनीहरु तथा संचालकहरुले हकप्रद शेयर वापत बुझाउनु पर्ने रकम रु.१,३६,४९,२१४/- शत् प्रतिशत भुक्तानी गरिएको व्यहोरा अवगत गराउंछौं ।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरूको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

दरखास्त फारामको नमुना

सेती फाइनान्स लिमिटेड
Seti Finance Limited
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजत प्राप्त वित्तीय संस्था)
(कैलाली जिल्ला कार्यक्षेत्र भएको)
टिकापुर, कैलाली, नेपाल, फोन नं. : ०९१-५६०९५०, ५६१२५६ फ्याक्स नं. : ०९१-५६१२५६
इमेलः info@setifinance.com.np, वेबसाइटः www.setifinance.com.np
को

मितिः २०७३ /   /

सि.नं.

हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

मार्फतः
NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
(A Subsidiary of Nepal Investment Bank Limited)
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com Website: www.niblcapital.com

कोड नं. ☐☐☐

शेयरधनी नं./परिचय नं. ☐

हितग्राही खाता नं.	DP ID	Client ID

श्री संचालक समिति,
सेती फाइनान्स लिमिटेड
टिकापुर, कैलाली, नेपाल ।

महाशय,

त्यस वित्तीय संस्थाबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७३/७/९ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस वित्तीय संस्थाको जम्मा …………… कित्ता शेयर कायम रहेको र सो शेयरको शतप्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा कम्पनीले जारी गरेको एक शेयर बराबर एक दशमलव पाँच शेयर (१ : १.५) को अनुपातमा …………… कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा …………… कित्ता तथा हक हस्तान्तरण भै आएको ………… कित्ता गरि जम्मा……………कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं । त्यस वित्तीय संस्थाको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

मिति २०७३/७/९ गते सम्ममा कायम साविकको शेयर संख्या		लिन चाहेको शेयर संख्या	
भौतिक रुपमा कायम रहेको		कायम हक बमोजिम लिन चाहेको शेयर संख्या	
अभौतिक रुपमा कायम रहेको		हक हस्तान्तरणबाट लिन चाहेको शेयर संख्या	
जम्मा शेयर संख्या (अंकमा)		जम्मा शेयर संख्या (अंकमा)	
अक्षरमा		अक्षरमा	

हक हस्तान्तरण गरिदिनेको शेयरधनीको हितग्राही नं.			
हक हस्तान्तरण गरिदिनेको शेयरधनी नं.			
प्यान नं.		प्रति शेयर रु.१००/- को दरले बुझाएको रकम जम्मा रु.	
अक्षरेपी रुपैयाँ			
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना		चेक नं.	
रकम बुझाएको संकलन केन्द्रको नाम र ठेगाना		भौचर/ड्राफ्ट नं.	
निवेदकको पूरा नाम — नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक		
निवेदकको पूरा नाम — In English	Mr./Mrs./Miss/Minor		USE CAPITAL LETTER
स्थायी ठेगाना	वडा/घर नं./टोल	गा.वि.स./न.पा.	
Address	Ward/House No./Tole	VDC/Municipality	
जिल्ला	P.o Box No:/District	नागरिकता प्र.नं./जारी भएको जिल्ला	
District		Mobile/phone No.	
बाबुको नाम			
Father's Name			
बाजेको नाम			
Grandfather's Name			
पति/पत्नीको नाम			
Husband/Wife's Name			
संरक्षकको नाम (नाबालकको हकमा)			
Guardian's Name (Incase of minor)			

मैले/हामीले यस हकप्रद शेयरको लागि गरेको लगानीको स्रोत बैधानिक हो । नियमन निकायबाट माग भई आएको खण्डमा प्रचलित कानून बमोजिम लगानीको श्रोत उपलब्ध गराउन मञ्जुर गर्दछु/गर्दछौं ।

नोटः
१. साविक शेयरधनीले आफ्नो शेयरधनी नं./हितग्राही नं. अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DPID/Client Id दुबै उल्लेख गर्नुपर्नेछ ।
३. चेक भुक्तान नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ र सो को जिम्मेवार निवेदक आफै हुनेछ ।

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु ।

निवेदकको दस्तखत
(Applicant's Signature)

- -

यो रसिद हराई अर्कोले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फतः
NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
(A Subsidiary of Nepal Investment Bank Limited)
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com Website: www.niblcapital.com

रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

शेयरधनी नं./परिचय नं. ☐

Applicant's Name					
Company's Name	**SETI FINANCE LIMITED**				
No. Of shares Applied		**Call Money per Share**	**Rs.100**	**Amount Deposited**	
Amount in Words					

For Official Use Only:
Code No. ☐☐☐
Received by:
Date:
Stamp
DP ID ☐
Client ID ☐

निवेदकको दस्तखत
(Applicant's Signature)

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
(A Subsidiary of Nepal Investment Bank Limited)
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com ,Website: www.niblcapital.com